महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
तिनाउ गाँउपालिका
पाल्पा

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

पत्र संख्याः २०७८।७९
च.नं. १३३

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
तिनाउ गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय,
पाल्पा ।

कैफियत सहितको राय

हामीले तिनाउ गाँउपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. तिनाउ गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ५ लाख ८३ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रू. २ करोड ७० लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १७ लाख १७ हजार, नियमित गर्नुपर्ने रू. २ करोड १८ लाख ३६ हजार रहेको छ । गाँउपालिकाको गतवर्ष ८ करोड १२ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १२ करोड ८६ लाख १ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. तिनाउ गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, नर्म्स विपरित खर्च गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

तिनाउ गाँउपालिका

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु – दफा संख्या – सैद्धान्तिक	प्रारम्भिक बेरुजु – दफा संख्या – लगती	प्रारम्भिक बेरुजु – रकम	प्रतिक्रियाबाट फछ्र्यौट – दफा संख्या – सैद्धान्तिक	प्रतिक्रियाबाट फछ्र्यौट – दफा संख्या – लगती	प्रतिक्रियाबाट फछ्र्यौट – रकम	बाँकी बेरुजु – दफा संख्या – सैद्धान्तिक	बाँकी बेरुजु – दफा संख्या – लगती	बाँकी बेरुजु – रकम	बेरुजु – असुल गर्नुपर्ने	बेरुजु – नियमित गर्नुपर्ने – अनियमित भएको	बेरुजु – नियमित गर्नुपर्ने – प्रमाण कागजात पेश नभएको	बेरुजु – नियमित गर्नुपर्ने – राजस्व लगत जिम्मेवारी नसारेको	बेरुजु – नियमित गर्नुपर्ने – सोधभर्ना नलिएको	बेरुजु – नियमित गर्नुपर्ने – जम्मा	बेरुजु – पेस्की
५३	२४	५०५८३	०	०	०	५३	२४	५०५८३	२७०३०	२१८३६	१७१७	०	०	२३५५३	

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	८१२५७	०	३२३९	७८०१८	०	५०५८३	१२८६०१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : तिनाउ गाउँपालिका, पाल्पा , तिनाउ गाउँपालिका , पाल्पा

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	सुन्दर प्रसाद श्रेष्ठ	२०७७-६-३०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	दामोदर भण्डारी	२०७७-४-१	
लेखा प्रमुख	शंकर पुरी	२०७७-६-३०	
लेखा प्रमुख	सुनिल के सी	२०७७-४-१	
		बेरुजु रकम	५०,५८२,८९८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,४९,०७,०००	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३५,५१,२८,०००	**चालु खर्च**	१९,१४,७८,०००
प्रदेश सरकारबाट अनुदान	४,६५,२९,०००	**पूँजीगत खर्च**	२२,९६,९८,०००
राजश्व बाँडफाँट	९,४१,९९,०००	**वित्तीय/अन्य व्यवस्था**	७,०४,३०,०००
आन्तरिक आय	४,०८,७४,०००		
अन्य आय	२,६८,३५,०००		
कुल आय	५६,३५,६५,०००	**कुल खर्च**	४९,१६,०६,०००
बाँकी मौज्दात		९,६८,६६,०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस तिनाउ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, २०२ वर्ग किलोमिटर क्षेत्रफल तथा १९२३८ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षणको उद्देश्य** स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ ।	
३			**वित्तिय व्यवस्था**	

सि.नं.	**आयतर्फ**			**सि.नं**	**व्ययतर्फ**		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**रकम**	**रकम**
१	गत वर्षको जिम्मेवारी	0	24906603.8	१	चालु खर्च	191478000.00	191478000.00
	क. नगद			२	पूँजीगत खर्च	229698497.20	229698497.20
	ख. बैंक	24906603.8		३	वित्तीय व्यवस्था भुक्तानी		
२	राजस्व (आन्तरिक आय)		135072675.36		क. ऋण भुक्तानी		
	क. आन्तरिक राजस्व	40873846.62			ख. ब्याज भुक्तानी		
	ख. राजस्व बाँडफाँड	94198828.74			ग. अन्य भुक्तानी		
	ग. अन्य आय			४	लगानी		
३	वित्तीय हस्तान्तरण संघ		355128270.00		ऋण लगानी		
		86300000.00					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				क. वित्तीय समानीकरण अनुदान				शेयर लगानी			
				ख. सशर्त अनुदान	248828270.00			अन्य लगानी			
				ग. समपूरक अनुदान	0.00		५	धरौटी फिर्ता	3741800.00	3741800.00	
				घ. विशेष अनुदान	20000000.00		६	जनश्रमदान फिर्ता	6982847.00	6982847.00	
			४	प्रदेश सरकारबाट प्राप्त अनुदान		46529000.00	७	कोष फिर्ता	9304243.8	9304243.8	
				क. वित्तीय समानीकरण अनुदान	5054000.00		८	मौज्दात			
				ख. सशर्त अनुदान	14850000.00			क. बैँक मौज्दात	90058763	90058762.96	
				ग. समपुरक अनुदान	14625000.00			ख. नगद मौज्दात	0	0	
				घ. विशेष अनुदान	12000000.00		९	शसर्त अनुदान फिर्ता	50401289.00	50401289.00	
			५	अन्तर स्थानीय तहबाट प्राप्त	0.00		१०	गत बर्षको बढी अल्या			
			६	अन्य			११	जनश्रमदान मौज्दात	100000	100000	
				क. क्षेत्रीय शहरी विकास योजना			१२	धरौट मौज्दात	4537659.00	4537659.00	
				ख. सडक बोर्ड नेपाल			१३	कोष खाताको मौज्दात	2168953.2	2168953.2	
				ग. पर्यटन बोर्ड नेपाल							
				घ. एन एन एस डब्लु ए							
			७	विभिन्न कोषतर्फको आय	11473197.00	11473197.00					
			८	जनसहभागिता (नगद)	7082847.00	7082847.00					
			९	विषयगत निकायबाट प्राप्त							
					8279459.00	8279459.00					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१०	धरौटी आय						
११	लगानीको साँवा फिर्ता						
१२	अन्य विविध आय						
	जम्मा	**588472052**	**588472052**		**जम्मा**	**588472052.16**	**588472052.16**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्यप्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाबाट २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

४

अवकास कोष स्थापना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना नभएको.

५

पदाधिकारी सुविधा

आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।

लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा, मर्मत सुविधा, अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु १९ लाख ८० हजार, टेलिफोन तथा मोवाइल रु.१० लाख ८० हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. ९ लाख ८४ हजार, जनसम्पर्क विशेष कार्यसुविधा रु १६ लाख ९२ हजार, मर्मत सम्भारमा रु १ लाख २० हजार, अतिथि सत्कारमा रु.४ लाख २० हजार, खानेपानी विजुली सरसफाईमा रु. १ लाख २० हजार चाड पर्व खर्च रु २ लाख ९५ हजार समेत रु. ६६ लाख ९१ हजार खर्च भुक्तानी गरेको देखियो ।

कार्यालयले उल्लिखित अनुसारको रु. ६६ लाख ९१ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।

सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ६ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य १९	
१	चाडपर्व खर्च	१५०००	१५०००	१२०००	१००००	७०००	२९५०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>यातायात खर्च</td><td></td><td>१२०००</td><td>१००००</td><td>६०००</td><td>३०००</td><td>१९८००००</td></tr>
<tr><td>३</td><td>पुस्तक,पत्रीका,</td><td>४०००</td><td>४०००</td><td>३०००</td><td>३०००</td><td>२०००</td><td>९८४०००</td></tr>
<tr><td>४</td><td>मोबाइल</td><td>३५००</td><td>३०००</td><td>३०००</td><td>३०००</td><td>२५००</td><td>१०८००००</td></tr>
<tr><td>५</td><td>अतिथि सत्कार</td><td>६०००</td><td>५०००</td><td>४०००</td><td>०</td><td>०</td><td>४२००००</td></tr>
<tr><td>६</td><td>जनसम्पर्क</td><td>१००००</td><td>८०००</td><td>६०००</td><td>५०००</td><td>३०००</td><td>१६९२०००</td></tr>
<tr><td>७</td><td>खानेपानी तथा</td><td>५०००</td><td>५०००</td><td></td><td></td><td></td><td>१२००००</td></tr>
<tr><td>८</td><td>मर्मत सम्भार</td><td>५०००</td><td>५०००</td><td></td><td></td><td></td><td>१२००००</td></tr>
<tr><td colspan="2" rowspan="3">जम्मा</td><td>३३५००</td><td>४२०००</td><td>१५६०००</td><td>१०२०००</td><td>१९९५००</td><td rowspan="3">६६९१०००</td></tr>
<tr><td>४१७०००</td><td>५१९०००</td><td>१९४४०००</td><td>१२८४०००</td><td>२५२७०००</td></tr>
<tr><td colspan="5">६६९१०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>विविध खर्च
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च अन्तर्गत रु १२ लाख ३१ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>जोखिम आँकलन र पूर्व तयारी
जोखिम आंकलन र पूर्व तयारी- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, जोखिम आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, अध्यक्षको संयोजकत्वमा गाउँस्तरीय क्वारेन्टीन समिति तथा गाउँस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>जोखिम भत्ता
नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्राबिधिक कर्मचारी, प्रशासनिक कर्मचारीलाइ रू २ लाख ५९ हजार ७ सय २५ खर्च लेखेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>औषधी कीट तथा स्वास्थय उपकरण खरिद
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि फरक फरक फर्म सप्लायर्सबाट सोझै खरिद गरेको छ। कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना नगरी देहायका फर्म र सप्लायर्सबाट टुक्रा खरिद गर्नु नियमसंगत नदेखिएको रु
<table>
<tr><th>भौ नं र मिति</th><th>फर्म वा सप्लायर्सको नाम</th><th>रकम</th></tr>
<tr><td>47 02.31</td><td>बुध्द्ध डायग्नोस्टिक नेपाल</td><td>३६५६००</td></tr>
<tr><td>46 02.28</td><td>रोयल मेडिको कन्सर्न</td><td>३६०३२</td></tr>
<tr><td>45 02.27</td><td>प्रिस्टार ट्रेड प्रा ली</td><td>४९००००</td></tr>
<tr><td>44 02.27</td><td>द ओसन सर्जिकल</td><td>१५३८८७</td></tr>
<tr><td>43 02.27</td><td>लुम्बिनी सर्जिकेम प्रा ली</td><td>९६३८९</td></tr>
<tr><td>40 02.27</td><td>लुम्बिनी सर्जिकेम प्रा ली</td><td>४९८१००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६४०००८</td></tr>
</table></td><td>१,६४०,००८</td></tr>
<tr><td>१०</td><td></td><td></td><td>समन्वय र सहकार्य
पालिकाले पाल्पा अस्पताल तानसेनलाइ पि सी आर ल्याब संचालनार्थ रु १० लाख निकासा लेखेको देखिन्छ । पालिकाले कोभिड परिक्षणको स्वाब संकलन गरी पाल्पा अस्पतालमा नि शुल्क स्वाब परीक्षण गरेको जानकारी दिएको छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>कोषको अवस्था
कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८ असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण कायार्लयले रू. ७५ लाख ९७ हजार आम्दनी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू. ६५ लाख ९५ हजार खर्च भएको देखएको छ । कोरोना १९ रोकथाम नियन्त्रण र व्यवस्थापन कोषमा बाँकी रु १० लाख ०२ हजार रहेको छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०२ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७७ जना पदपूर्ति भएको देखिन्छ । रीक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१३			**कर्मचारी करार** कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरू करारमा राखी रू. ३५ लाख ६० हजार खर्च लेखेको छ ।	
१४			**तलबी प्रतिवेदन** निजामती सेवा ऐन,२०४९ को दफा ७ (ख) (२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रु.२ करोड १५ लाख तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड रकम समेत एकिन हुन सकेन ।	
१५	विभिन्न		**तलबी प्रतिवेदन पास नभएको** **१. तलबी प्रतिवेदनः** स्थानिय सरकार सञ्चालन ऐन 2074 बमोजिम स्थानिय तह अन्तर्गतका कर्मचारीहको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षणबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्थानिय तह तर्फ स्थायी स्वास्थ्य कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरि तलबमा रु.68,85,717 खर्च लेखेको छ। ऐनमा व्यवस्थ भए बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td>52 , 42</td><td>२०७८-३-२५</td><td>

विद्यालय अनुदानमा बढी भुक्तानी

१. **CUG सेवाको लागि भुक्तानीः** भौ.नं. 152-078/3/25 कार्यक्रम कार्यान्वयन पुस्तिकाको कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकारणका लागि शैक्षिक कार्यक्रमको बुंदा नं. 1.२ मा शिक्षक तथा विद्यार्थीहरुलाई CUG सेवामा आवद्ध गर्न स्थानिय तहका सामुदायिक विद्यालयमा अध्धयनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुको वास्तविक संख्या यकिन गरी प्रति विद्यार्थी रु. १२५ का दरले ३ महिनाको रकम विद्यालयलाई अनुदान दिने व्यवस्था रहेको छ। ईमिसका डाटा भिडाउदा कक्षा 4-12 सम्मका जम्मा विद्यार्थी संख्या 2912 को लागि रु. 1092000/- भुक्तानी दिनुपर्नेमा पालिकाबाट रु.1139250/-निकासा भएकोले बढी निकासा रकम रु.47250/- सम्बन्धित विद्यालयहरुबाट असुल गर्नुपर्ने देखिन्छ।

२. **स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापनः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकारणका लागि शैक्षिक कार्यक्रमको बुंदा नं. 1.5 मा विद्यालय स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान शिर्षक अन्तर्गत पूर्व प्राथमिक कक्षादेखि कक्षा 12 सम्मका विद्यार्थी संख्या यकिन गरी प्रति विद्यार्थी रु.200 का दरले अनुदान उपलब्ध गारउ सक्ने व्यवस्था छ।इमिस अनुसार पालिका अन्तर्गत संचालित सबै विद्यालयमा पूर्व प्राथमिक कक्षादेखि कक्षा 12 सम्मका जम्मा विद्यार्थी संख्या 4732 लाई रु 200 का दरले जम्मा रु. 946400/- निकासा दिनुपर्नेमा पालिकाले रु. 1102200/- भुक्तानी दिएको पाइयो।तसर्थ वढी निकासा रकम रु.23800 सम्बन्धित विद्यालयहरुबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने ।

<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१६.१</td><td>CUG सेवा तर्फ विभिन्न विद्यालयबाट</td><td>४७,२५०</td></tr>
<tr><td>१६.२</td><td>विद्यालय स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापन तर्फ</td><td>२३,८००</td></tr>
</table>

</td><td>७१,०५०</td></tr>
<tr><td>१७</td><td>विभिन्न</td><td></td><td>

विद्यालयलाई बढी भुक्तानी

१. तलब भत्ता निकासा - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ ।प्रथम चौमासिक निकासामा देहायका विद्यालयहरुमा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु. 420465

<table>
<tr><th>भौ.नं./मिति</th><th>विद्यालयको नाम</th><th>निकासा भएको रकम</th><th>निकासा हुनुपर्ने</th><th>बढी</th></tr>
<tr><td>3-077/7/2</td><td>दोभान माध्यमिक विद्यालय</td><td>4862006</td><td>4652106</td><td>209900</td></tr>
<tr><td>3-077/7/2
11-077/7/27</td><td>तिलोतमा माध्यमिक विद्यालय</td><td>3178275</td><td>2967619</td><td>210565</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>8040281</td><td>7619725</td><td>420465</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१७.१</td><td>दोभान माध्यमिक विद्यालय</td><td>२,०९,९००</td></tr>
<tr><td>१७.२</td><td>तिलोतमा माध्यमिक विद्यालय</td><td>२,१०,५६५</td></tr>
</table>

</td><td>४२०,४६५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८	विभिन्न		**PCF, पाठ्यपुस्तक र छात्रवृतीमा बढि निकासा** १. (क) कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 अनुसार ईमिसको विद्यार्थी संख्यालाई आधार मानेर श्रेस्ता परीक्षण गर्दा निम्न शिर्षकमा बढी रकम निकासा भएको देखियो।यसरी बढी निकासा रकम सम्बन्धित विद्यालयहरुबाट असुल गर्नुपर्ने रु. 674007	६७४,००७

भौ.नं./मिति	विवरण	निकासा भएको	निकासा हुनुपर्ने	बढी निकासा
संघिय सशर्त पूँजिगत				
114-078/2/30	प्रति विद्यार्थी लागत अनुदान	1072500	1044450	28050
114-078/2/30	छात्रवृती अनुदान	792600	768200	113100
190-078/3/25		88700		
113-078/2/30	पाठ्यपुस्तक अनुदान	2569582	2036725	532857
	(80प्रतिशत निकासा दिएको)			
	जम्मा रकम	**4523382**	**3849375**	**674007**

क्रम	कर्मचारीको नाम	असुली रकम
१८.१	सम्बन्धित विद्यालयहरुबाट	६,७४,००७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९	114, 42		**ईन्टरनेट जडानको बिल पेश नभएको** **१. माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालनः** कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को क्रियाकलाप नं. 2.7.13.10 को बुँदा नं. 5.5 मा सुचन तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने नीति अन्तर्गत माध्यमिक विद्यालयहरुलाई इन्टरनेट जडान गर्ने, इन्टरनेटको लागि भुक्तानी दिने र सो कार्यको नियमित अनुगमन गर्ने व्यवस्था छ।पालिकाले भौ.नं.114-078/2/30 (संघिय सशर्त पूँजी) बाट देहायका माध्यमिक विद्यालयहरुलाई इन्टरनेट जडानको लागि रु.12000/- को दरले भुक्तानी दिएको पाइयो तर कुनै पनि विद्यालयले इन्टरनेट जडानको बिल पेश गरेको छैन।तसर्थ देहायका विद्यालयलहरुले आ.व.2077/78 मा इन्टइरनेट जडान गरेको बिल पेश गर्नुपर्ने अन्यथा सो रकम असुल हुनुपर्ने रु. 108000	२४०,०००

सि.नं.	विद्यालयको नाम	रकम
1	मस्यम माध्यमिक विद्यालय	12000
2	पृथ्वी प्रकाश माध्यमिक विद्यालय	12000
3	दोभान माध्यमिक विद्यालय	12000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

4	ज्ञानोदय माध्यमिक विद्यालय	12000
5	तिलोतमा माध्यमिक विद्यालय	12000
6	वुद्ध विकास माध्यमिक विद्यालय	12000
7	थानिडांडा माध्यमिक विद्यालय	12000
8	युवावर्ष माध्यमिक विद्यालय	12000
9	जनदिप माध्यमिक विद्यालय	12000
	जम्मा रकम	**108000**

२. कार्यक्रम कार्यान्वियन पुस्तिकाको कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रमको बुंदा नं 1.३ मा स्थानिय तह अन्तरर्गतका सामुदायिक आधारभुत विद्यालयहरुलाई ईन्टरनेट जडान गर्न प्रति विद्यालय एकमुष्ट रु १२००० उपलब्ध गराएउने व्यवस्था छ।पालिकाले भौ.नं. 42-078/2/30(संघिय सशर्त चालु) बाट इन्टरनेट जडानको रकम उपलब्ध गराए पनि निम्न विद्यालयहरुले आ.व. 2077/78 मा ईन्टरनेट जडान गरेको बिल भरपाई तथा प्रमाण पेश नगरेकोले देहायका सबै विद्यालयहरुले ईन्टरनेट जडान गरेको बिल प्रमाण पेश गर्नुपर्ने अन्यथा ती रकम देहायका सबै विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.132000

सि.नं.	विद्यालयको नाम	रकम
1	लक्ष्मी आधारभुत विद्यालय	12000
2	भुमिशाला आधारभुत विद्यालय	12000
3	सरस्वती आधारभुत विद्यालय	12000
4	आदर्श आधारभुत विद्यालय-5	12000
5	आदर्श आधारभुत विद्यालय-3	12000
6	कालिका आधारभुत विद्यालय	12000
7	कल्याणी आधारभुत विद्यालय	12000
8	पाटन आधारभुत विद्यालय	12000
9	श्री आधारभुत विद्यालय	12000
10		12000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
					सिद्ध आधारभुत विद्यालय			
				11	सृजना आधारभुत विद्यालय	12000		
					जम्मा रकम	132000		
२०			**आन्तरिक नियन्त्रण प्रणाली**					
२०.१			आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.२५००७४७, पुँजीगत खर्च खातामा रु. १२९३१३६८ समेत गरी २०७८ साउन १८ मा रु. १५४३२११५ संचित कोषमा ट्रान्सफर राखेको पाइयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन। • कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३६ जनाको दरबन्दी रहेकोमा पुरै पदपूर्ति भएको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू.१५४३२११५तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । **बैक हिसाब मिलान**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको रू. 10466160.5 फरक पर्न गएको रकमको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरेको छ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	संचित कोष	75226646.88	74626646.88	600000
२	विविध कोष खाता	1166355	1166349	6
३	आकस्मिक कोष खाता			0

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>पूँजीगत खाता</td><td>22616446.5</td><td>12931369</td><td>9685077.5</td></tr>
<tr><td>५</td><td>धरौटी खाता</td><td>4537659</td><td>4537659</td><td>0</td></tr>
<tr><td>६</td><td>चालू खाता</td><td>2500747.1</td><td>2680809.1</td><td>180062</td></tr>
<tr><td>७</td><td>विपद व्यवस्थापन कोभिड</td><td>1002598.25</td><td>1003613.25</td><td>1015</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>107050452.7</td><td>96946446.23</td><td>10466160.5</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।
• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।
अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.३</td><td></td><td></td><td>बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.१			बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दमयन्ती थापाले मिति २०७७।३।१० गते रु. ४४ करोड ४३ लाख १५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२५ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।६।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
२१.२			बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । नीति तथा मार्गदर्शनः गाउँपालिकाको आ.व. २०७७।०७८ को नीति तथा मार्गदर्शन २०७७ असार १० गते गाँउसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि गाँउपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः • सर्ने रोगहरुको स्थितिलाई नियन्त्रण गर्न विद्यालय, आमा समुह, सम्पूर्ण टोलवस्तीहरुमा नसर्ने रोग सम्बन्धी अभिमूखीकरण गर्ने । • निनाउ ६ स्यामको डुम्रे क्षेत्रमा स्थानीय जनताबाट कुनै प्रविधिक शिक्षा सञ्चालन गर्ने पहल भएमा गाउँपालिकाबाट आवश्यक सहयोग गर्ने । • खुर्सनि, आरखुदी, कोलडाँडा र विस्कुनडाँडाको बाँकी गाउँ गिजीनचौर, मधुवन छापमा आ.व. २०७७।७८ मा विद्युतीकरण सम्पन्न गर्ने । • बालमैत्री स्थानीय शासन कार्यक्रम लागू गर्न आवश्यक आवश्यक कार्यक्रम सञ्चालन गर्ने । • किशोरीहरुलाई आत्मारक्षा तथा जीवनपयोगी सम्बन्धी तालिम सञ्चालन गरिने छ ।	
२१.३			बजेट सीमा निर्धारण समिति :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.४			बजेट सीमा निर्धारण समिति :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२१.५			क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (तालिका तल) उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४८.३६ प्रतिशत र सबै भन्दा घटी वित्तीय व्यवस्थापन र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २.४५ प्रतिशतबजेट विनियोजन गरेको छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	54733877	42882091	9.74
सामाजिक क्षेत्र	258849300	212956068.8	48.36
पूर्वाधार विकास क्षेत्र	154999640	115367169	26.20
वित्तीय व्यवस्थापन र सुशासन	21938570	10806716	2.45
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	69557534	58304798.63	13.24
जम्मा	560078921	440316843.4	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.६			१. लक्ष्य प्रगति: कार्यालयले त्रैमासिक र वार्षिक स्तरकोप्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । <table><tr><td rowspan="2">कार्यक्रम/योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिति</td></tr><tr><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr><tr><td>कार्यक्रम संख्या</td><td>२९५</td><td>०</td><td>३</td><td>०</td><td>०</td></tr></table> २. त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत वार्षिक रु.२४ करोड ८८ लाख ३८ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड अर्थात ४.०१ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ३ करोड ७७ लाख ६७ हजार, अर्थात १५.१७ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ५ करोड ४१ लाख ८६ हजार अर्थात २१.७७ प्रतिशत र चौथो त्रैमासिकमा रु. १४ करोड ६८ लाख ८५ हजार अर्थात ५९.०३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु.११ करोड १३ लाख ३४ हजार अर्थात ४४.७३ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	
२१.७			स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२२			**राजस्व तर्फ**	
२२.१			राजस्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सो को पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन यकीन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।कार्यालयका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गरे नगरेको	
२२.२			**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. ४ करोड ८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

लाख ७४ हजार अर्थात अनुमान भन्दा २.२ प्रतिशत बढी आय प्राप्त गरेको छ ।

आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३२६०८६४८१	४०८७३८४५.६२	१२.५३

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १२.५३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	300000	5073441	1691.15
घरजग्गा वहाल कर	100000	16614	16.61
व्यवसाय कर	100000	12500	12.50
वहाल विरौटी शुल्क	100000	12923	12.92
अन्य कर	5000000	94334	1.89
अन्य श्रोतबाट प्राप्त रोयल्टी	18011490	12466473	69.21
पर्यटन शुल्क	100000	150000	150.00
अन्य विक्रीवाट प्राप्त रकम	150000	613495	409.00
सिफारिस दस्तुर	200000	99520	49.76
व्यक्तिगत घटना दर्ता दस्तुर	25000	11600	46.40
अन्य दस्तुर	1	9351130.64	935113064.00

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>व्यावशाय रजिष्ट्रेसन दस्तुर</td><td>300000</td><td>178460</td><td>59.49</td></tr>
<tr><td>प्रशासनिक दण्ड जरिवाना र जफत</td><td>200000</td><td>25000</td><td>12.50</td></tr>
<tr><td>प्रदुषण नियन्त्रण शुल्क</td><td>20000000</td><td>10942238.78</td><td>54.71</td></tr>
<tr><td>व्यावशाय कर</td><td>100000</td><td>12500</td><td>12.50</td></tr>
<tr><td>वेरुजु</td><td>1000000</td><td>236945</td><td>23.69</td></tr>
<tr><td>जम्मा</td><td>45686491</td><td>39297174.42</td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२२.३</td><td></td><td></td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ७३५९०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन ।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.४</td><td></td><td></td><td>नन्फाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू.८९७१२८.०० समेत रू. ७७६७१५२.७६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>नन्फाइलर रहेको मिति</th><th>भुक्तानी रकम</th><th>मूअकर कर रकम</th></tr>
<tr><td>५२–२०७७।९।१२</td><td>दिपक गुरुङ्ग सप्लायर्स</td><td>६००९४९६५७</td><td>२०७६।M।८</td><td>४०४०२०.२८</td><td>४६४८०.२०</td></tr>
<tr><td>९२–२०७७।१०।११</td><td>दिपक गुरुङ्ग सप्लायर्स</td><td>६००९४९६५७</td><td>२०७६।M।८</td><td>३१६४०.००</td><td>३६४०.००</td></tr>
<tr><td>११८–२०७७।१०।२८</td><td>दिपक गुरुङ्ग सप्लायर्स</td><td>६००९४९६५७</td><td>२०७६।M।८</td><td>९९१५७.५०</td><td>११४०७.५०</td></tr>
<tr><td>१८८–२०७७।१२।३०</td><td>जे.पि सप्लायर्स</td><td>६०५१४१७३१</td><td>२०७७।M।१२</td><td>३९२०००.००</td><td>५०९६०.००</td></tr>
<tr><td>१८९–२०७७।१२।३१</td><td>दिपक गुरुङ्ग सप्लायर्स</td><td>६००९४९६५७</td><td>२०७६।M।८</td><td>११७२३७.५०</td><td>१३४८७.५०</td></tr>
</table>
</td><td>८९७,१२८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	२०८–२०७८।१।१२	तिनाउ एकता कन्ट्रक्सन	६०९७१०५२०	२०७७।M।९	९०४००.००	१०४००.००		बेरुजु रकम
				२०७–२०७८।१।१२	दिपक गुरुङ्ग सप्लायर्स	६००९४९६५७	२०७६।M।८	४६५५६०.००	५३५६०.००		
				२१८–२०७८।१।१७	तिनाउ मल्टी सप्लायर्स	६०१५३७८८४	२०७८।M।१	५५६५२.५०	६४०२.५०		
				२२३–२०७८।२।१६	तिनाउ मल्टी सप्लायर्स	६०१५३७८८४	२०७८।M।१	५८९८६.००	६७८६.००		
				२४०–२०७८।२।२६	तिनाउ मल्टी सप्लायर्स	६०१५३७८८४	२०७८।M।१	२३५७१८.००	२७११८.००		
				२५०–२०७८।२।२६	तिनाउ मल्टी सप्लायर्स	६०१५३७८८४	२०७८।M।१	४४७४८.००	५१४८.००		
				२८०–२०७८।३।२१	सोमै कन्ष्ट्रक्सन प्रा.लि.	६०६६३३७३२	२०७८।M।३	२३०६०१.३६	२६५२९.३६		
				२९२–२०७८।३।१५	सोमै कन्ष्ट्रक्सन प्रा.लि.	६०६६३३७३२	२०७८।M।३	५८०१४.२०	६६७४.२०		
				२९५–२०७८।३।१८	तिनाउ मल्टी सप्लायर्स	६०१५३७८८४	२०७८।M।१	११६०५१.००	१३३५१.००		
					दिपक गुरुङ्ग सप्लायर्स	६००९४९६५७	२०७६।M।८	१२०००६.००	१३८०६.००		
				२९७–२०७८।३।१८	दिपक गुरुङ्ग सप्लायर्स	६००९४९६५७	२०७६।M।८	१०१७००.००	११७००.००		
				३४५–२०७८।३।२५	तिनाउ मल्टी सप्लायर्स	६०१५३७८८४	२०७८।M।१	६७२३५.००	७७३५.००		
				समपुरक अनुदान पूँजीगत							
				११–२०७८।३।२८	आकृति मालिका कन्स्ट्रक्सन प्रा.लि.	६०६८८१५१८	२०७८।M।३	७२३३३४.२३	८०९१४.५५		
				वित्तीय अनुदान पूँजीगत							
				५–२०७७।६।६	दिपक गुरुङ्ग सप्लायर्स	६००९४९६५७	२०७६।M।८	१६९५००.००	१९५००.००		
				२४–२०७७।९।१६	तिनाउ एकता कन्स्ट्रक्सन	६०९७१०५२०	२०७७।M।९	५८५८६३.१९	६७४००.१९		
				१९–२०७७।९।८	तिनाउ एकता कन्स्ट्रक्सन	६०९७१०५२०	२०७७।M।९	५६५०००.००	६५०००.००		
				आन्तरिक स्रोत पुँजीगत							
				६६–२०७८।३।२३	दिपक गुरुङ्ग सप्लायर्स	६००९४९६५७	२०७६।M।८	३०३४७२८.००	३४९१२८.००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				जम्मा				७७६७१५२.७६	८९७१२८.००		
			कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.								
२३			**कानून निर्माण र न्याय सम्पदन स्थिति**								
२३.१			कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, ५ वटा नियमावली, २० वटा कार्यविधि, २ वटा नर्देशिका र २ वटा नर्म्स लगायत ३३ वटा कानून निर्माण गरेको छ । साथै पालिकाले ३३ वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु मध्ये ४ वटा ऐन राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।								
२३.२			न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष १० वटा विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।								
२४			**सवारीसाधन खरिद** सवारीसाधन खरिद– अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान मोटरसाइकल रू. ७२९५००।०० खर्च गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ ।								
२५			**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण**								
२५.१			सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।								

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५.२			सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
२६			**प्रकोप व्यवस्थापन** समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । प्रकोप व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ७६३५७०७ आम्दानी भई रु. ६६३३१०८.७५ खर्च गरी बाँकी रु. १००२५९८.२५ देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएर कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
२७			**खरिद व्यवस्थापन**	
२७.१			बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३० करोड ८३ लाख ९९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
२७.२			गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (१) ङ अनुसार खरिद सम्झौता प्रशासन कार्ययोजना अनुसार खरिद सम्झौता कार्यान्वियनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई सोही आधारमा गुणस्तर नियन्त्रण तथा परीक्षण गर्नु पर्ने, सम्बन्धित कामको गुणस्तर सम्बन्धी व्याख्या सहितको स्पेशिफिकेशन जारी गर्नु पर्ने व्यवस्था छन् । ती व्यवस्था अनुसार निर्माण कार्यमा प्रयोग भएका सिमेन्ट गिट्टी, ढुंगा, बालुवा, डण्डी, र बालुवाको परीक्षण गराउनु पर्नेमा गराएको छैन । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गराइ भुक्तानी दिनु पर्नेमा परीक्षण गरेको छैन । यसले गुणस्तर परीक्षणलाई कार्यालयले प्राथमिकतामा नराखेको स्पष्ट हुन्छ । गुणस्तर परीक्षण वेगर गरेको काम दिगोपना र विश्वसनीय नहुने भएकोले यसमा सुधार हुनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**सेवा प्रवाह** सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ४ वटा ऐन, ५ वटा नियमावली र २० वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट घर नक्सा दर्ता पास २ वटा, जन्म दर्ता ६४४ वटा, मृत्यु दर्ता २१३ वटा, बसाइँसराइ १०१ वटा, विवाह दर्ता २३८ वटा, सम्बन्ध विच्छेद दर्ता १५ वटा गरेको विवरण प्राप्त भएको छ पूर्र । कालो पत्रे सडक ३३० मिटर रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।	
२९			**अनुदान फिर्ता**	
२९.१			आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु २० लाख आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२९.२			अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु विवरण — रकम फिर्ता गर्नुपर्ने रकम — 87669789.2 दोहोरो निकासा बाँधिएको रकम — 12000000 कार्यालयले फिर्ता गर्न बाँकी रकम — 75669789.2 आ व ०७७।७८ मा कार्यालयले फिर्ता गरेको रकम — 50401289 फिर्ता गर्न बाँकी रकम — 25268500.2	२५,२६८,५००.२
३०	141	२०७८-३-१७	**प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्नेमा सो नगरी यो बर्ष प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	४५९,३६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**सोझेदारी कार्यक्रम** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा कार्यालयले तोकिए बमोजिमको अवस्था र खरिद मूल्य बमोजिम खरिद विधि अवलम्बन गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाइ सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (८) मा गैरसरकारी संस्थाबाट दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नु पर्ने उल्लेख छ । पालिकाले साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७७ तयार गरी सोही बमोजिम लागत साझेदारीमा हेफर नेपालसँग गरिएको सम्झौतामा देखिएको व्यहोराहरु देहाय बमोजिम छन् । • पालिकाले तयार गरेको साझेदारी कार्यविधिमा साझेदारीको हिस्सा २० देखि ७५ प्रतिशत सम्म उल्लेख गरेतापनि सो साझेदारीको रकम खर्च गर्ने क्षेत्र तोकेको छैन । जसबाट पालिकासँग साझेदारी गरेको गैरसरकारी संस्थाले आफ्नो नियमित प्रशासनिक खर्च कर्मचारीको तलब भत्ता र कर्मचारी मार्फत क्षमता अभिवृद्धि तालिम सन्चालन गर्ने कुरामा साझेदारी गर्ने गरी सम्झौता गरेको छ । जुन साझेदारीको रकम खर्च गर्नुपर्ने क्षेत्रमा पर्दैन । • पालिकाले सालबसाली वा बहुवर्षिय रुपमा कार्यक्रम संचालन गर्न सक्ने उल्लेख गरेको भएता पनि बजेटको सीमा सो बजेट खर्च गर्दा अपनाउनु पर्ने खरिद सम्बन्धी कार्यविधि उल्लेख गरेको देखिएन । जसबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यक्ति र खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यसम्पादन जमानत, पेश्की जमानत, धरौटी कट्टा गर्नुपर्ने लगायत खरिद कानुनमा भएका कुनै पनि व्यवस्थाहरुको पालना नगरी बहुबर्षीय सम्झौता गरी खर्च लेख्नु प्रचलित आर्थिक कार्यविधि ऐन, २०७६, नियमावली २०७७ र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली ६४ को विपरित छ । • यसरी कुनै निश्चित गैरसरकारी संस्थाको कर्मचारीको तलब भत्तालाइ साझेदारीको हिस्सा बनाइ खरिद विधि विपरितको सम्झौता रद्ध हुनुपर्दछ र आ व ७७।७८ मा भएको भुक्तानी समेत नियमसंगत नदेखिएको रु	४,८५९,७४०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२	114	२०७८-२-३०	**कक्षा 9-10 को विद्यार्थीलाई छात्रवृती** १. कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को क्रियाकलाप नं. 7.2.1.1 को बुँदा नं. 4.2 मा गैर आवासिय कक्षा 1-8 सम्मका दलित विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.400 का दरले छात्रवृती दिने व्यवस्था छ।तर पालिकाले देहायका विद्यालयहरुमा अध्ययनरत कक्षा 9-10 का विद्यार्थीहरुलाई पनि प्रति विधार्थी रु.500 का दरले छात्रवृती दिएको नियमित नभएको रु.22000/-	२२,०००
३३			**मुख्यमन्त्री रोजगार कार्यक्रम**	
३३.१			**मुख्यमन्त्री रोजगार कार्यक्रम :** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्याविधि,२०७५ को परिच्छेद ३ मा लक्षित समूहको व्यवस्था गरेको छ।कार्यालयले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको लागि संचालन गरेको कार्यक्रममा लक्षित वर्गको छनोटको आधार पेश गरेको छैन । अति विपन्नको स्पष्ट आधार एवम् मापदण्ड नवनाई रु ५९ लाख ३१ हजार खर्च लेखी कार्यक्रम संचालन गरेकाले वास्तविक लाभग्राही समावेश भए नभएको एकिन हुन सकेन । कार्यालयले कार्यक्रमको प्रभावकारीताको अनुगमन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । स्पष्ट आधार एवम् मापदण्ड बनाई खर्च लेख्नु पर्दछ ।	

(क्रम ३२ को बिषय अन्तर्गतको तालिका:)

सि.नं.	विद्यालयको नाम	विद्यार्थी संखेया	छात्रवृती रकम
1	मस्यम माध्यमिक विद्यालय	9	4500
2	दोभान माध्यमिक विद्यालय	4	2000
3	ज्ञानोदय माध्यमिक विद्यालय	6	3000
4	तिलोतमा माध्यमिक विद्यालय	11	5500
5	वुद्ध विकास माध्यमिक विद्यालय	1	500
6	थानिडांडा माध्यमिक विद्यालय	5	2500
7	युवावर्ष माध्यमिक विद्यालय	3	1500
8	जनदिप माध्यमिक विद्यालय	5	2500
	जम्मा रकम	**44**	**22000**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने र खरिद प्रक्रिया टुक्रा पार्न नमिल्ने उल्लेख छ। पालिकाले मुख्यमन्त्री ग्रामिण विकास रोजगार कार्यक्रमबाट दोभान स्वास्थ्यचौकी तथा ल्याब संचालनार्थ औषधी र स्वास्थ्य सामग्री खरिद गर्दा देहायका फर्म र सप्लायर्ससँग टुक्रा पारी खरिद गरेको नियमसंगत नदेखिएको रु
<table>
<tr><th>भौ नं र मिति</th><th>फर्म वा सप्लायर्सको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१४ ०१।१७</td><td>तिनाउ जनरल सप्लायर्स</td><td>१७५९९०</td><td rowspan="5">दोभान स्वास्थ्य चौकी ल्याब तथा क्लिनिकल स्वास्थ्य सामग्री</td></tr>
<tr><td>१४ ०१।१७</td><td>सुरुचि इन्टरप्राइजेज</td><td>२७४८२</td></tr>
<tr><td>१७ ०१।१९</td><td>लुम्बिनी सर्जिकेम</td><td>२१६७७७</td></tr>
<tr><td>२६ ०३।२३</td><td>साथी नेटवर्क प्रा ली</td><td>१९५७७२</td></tr>
<tr><td>२७ ०३।२४</td><td>अबिक मेडिसिन सप्लायर्स</td><td>१४९५९०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७६५६११</td><td></td></tr>
</table></td><td>७६५,६११</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सफ्टवेयर खरिद
सफ्टवेयर खरिद -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले योजना, सम्पत्ति र आयलेखा सम्बन्धी सफ्टवेयर खरिद गरी रु ७ लाख ९७ हजार ७ सय ८० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>अनुदानको अनुगमन</td><td></td></tr>
<tr><td>३५.१</td><td>३५०</td><td>२०७८-३-२७</td><td>मौज्दातः आर्थिक वर्षको अन्त्यमा जलेश्वर ट्रेड लिंकबाट रू. २८८६५०.०० को पाइप खरिद गरी हालसम्म पनि जडान नगरी मौज्दात राखेको देखियो । आर्थिक वर्षको अन्त्यमा खरिद गरी कार्यालयमा मौज्दात रहेको कारणले बजेट निश्कृय रहेको अवस्था छ । उक्त परिमाणको पाइप आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>२८८,६५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.२			वितरणमुखी कार्यक्रम – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका वितरणमुखी खर्च विभिन्न संघ संस्था, समूह लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

भौ.नं. र मिति	कार्यक्रम	रकम
१८–२०७७।८।८	मिनिटिलर खरिद तथा कृषि कार्यक्रम	१६६४६८
४५–२०७७।९।७	न्वागी महोत्सव	३४३००
१३४–२०७७।११।१०	कुटानी पिसानी मिल वितरण	१८९०००
गाउँपालिका चालु तर्फ		
२–२०७७।७।२७	१०० प्रतिशत अनुदानमा असिना पीडित किसानलाई वीउ वितरण	२५७६६०
४–२०७७।८।१४	५० प्रतिशत अनुदानमा तरकारी बीउ वितरण	१७१५४४
९–२०७७।९।७	५० प्रतिशत अनुदानमा बीउ वितरण	२३४६००
१७–२०७७।१०।१४	५० प्रतिशत अनुदानमा आलु बीउ वितरण	१८३३४०
१६–२०७७।१०।१४	५० प्रतिशत अनुदानमा अतरकारी बीउ वितरण	२९९०००
२५–२०७८।२।१३	५० प्रतिशत अनुदानमा अतरकारी बीउ वितरण	१४५०००
२६–२०७८।२।२३	५० प्रतिशत अनुदानमा अतरकारी बीउ वितरण	११८०००
३३–२०७८।३।४	५० प्रतिशत अनुदानमा अतरकारी बीउ वितरण	२५८९७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.३	20	२०७७-९-२४	अनुदानको अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले रू. १९०१७९०.०० को जस्ता खरिद गरी वितरण गरेको भपाईको आधारमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । गत विगत वर्षमा जस्तापाता वितरण भएका लाभग्राहीलाइ दोहोरोपना नहुने गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।	
३६			**प्रधानमन्त्री रोजगारीर कार्यक्रम** कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु.१६४४९३००।–मध्येबाट बाटो निर्माण–१३, नाली निर्माण ४ वटा र गोरेटो बाटो निर्माण निर्माण ३ वटा निर्माणमा सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु.७५७८७०३।– खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि १२८४ जनाले निवेदन दिएकामा जम्मा २५७ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ६ वटा वडा मध्ये ५ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । ५ वटा वडामा सञ्चालित कार्यक्रममा २५७ जनालाई दैनिक ५१७ को दरले जम्मा ९६ दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।	
३७			**पारिश्रमिक कर** १. पारिश्रमिक कर:- आयकर ऐन २०५८ को दफा ८७ बमोजिम रोजगारदाताले कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आय गणना गरी अनुसुची-१ बमोजिमका दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायका तलब भत्ताको रकम भुक्तानी गर्दा देहाय अनुसार घटी कर कट्टी गरेको देखियो। घटी भएको कर रकम सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्ने रु.83123	८३,१२३

क्र.सं.	कर्मचारीको नाम	जम्मा आय	छुट रकम	कर योग्य रकम	10 प्रतिशत कर
1	सुन्दर प्रसाद श्रेष्ठ	743873	178256	115617	13123
2	लक्ष्भी कुवँर	708300	190010	68290	6829
3	शंकर पुरी	731048	195331	85716	8571
4	टेक प्रसाद घिमिरे	570585	104576	16282	1628
5	हरि प्रसाद पौडेल	570585	104576	16282	1628
6	कृष्ण कार्की	677058	166576	60482	6048
7	रिता कुमारी थापा	677058	122576	104482	10896
8	किशन कुवँर	557778	102416	5362	536
9	तुल बहादुर घर्तिमगर	477870	0	27870	2787

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				10	कृष्ण ज्ञवाली	477870	0	27870	2787		
